बागमती प्रदेश सरकार
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य मन्त्रालय

# बज्रबाराही चापागाउँ अस्पताल
# Bajrabarahi Chapagaun Hospital

गोदावरी न.पा. ११, ललितपुर
Ph: 01-5574035, 01-5570524

बोलपत्र सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२५

यस अस्पताल लाई आर्थिक वर्ष २०८२/८३ का लागि आवश्यक **EX-D JOKOH Na/k Analyzer** मेशिनमा लाग्ने ल्याव रिएजेंट्स, वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएको हुदा मु.अ.क.मा दर्ता भएका इच्छुक योग्यता पुगेका निर्माता फर्म, सप्लायर्स तथा व्यवसायीहरुले रित पुर्वकको वोलपत्र तपशिलको शर्तहरु पालना हुने गरि सार्वजानिक खरिद अनुगमन कार्यालयको website- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि अस्पताल को Web: bajrabarahihospital.bagamati.gov.np मा हेर्नु होला।

शर्तहरू

१. आ.ब. २०८२/०८३ का लागि कार्य गर्न पाइने नविकरण भएको इजाजतपत्र दर्ता, फर्म संस्था वा कम्पनी दर्ता प्रमाण पत्रहरु, मु.अ.कर दर्ता प्रमाणपत्रहरु वा स्थाई लेखा दर्ता प्रमाणपत्र आ.व.२०८१/८२ कर चुक्ता को प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

२. बोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुशारको बोलपत्र दस्तुर रकम उल्लेखित मिति र समयमा यस अस्पतालको नेपाल बैंक लिमिटेड मा रहेको खाता नं 27202000001001000001 कार्यालय कोड नं 3700134013 राजस्व शिर्षक नं. १४२२९ ( अन्य प्रशासनिक सेवा शुल्क) मा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ ।

३. वोलपत्र पेश गर्दा जमानत बापत तपशिल मा उल्लेखित रकम यस कार्यलयको कोड नं 3700134013 नेपाल बैंक लिमिटेड ललितपुर स्थित प्रदेश लेखा इकाईको कार्यालयको धरौटी खाता न. 01802000002003000001 मा जम्मा गरेको धरौटीको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नु पर्नेछ ।

४. बोलपत्र तपशिलमा उल्लेखित मिति र समय मा सार्वजनिक खरिद अनुगमन कार्यालयको website:- www.bolpatra.gov.np/egp मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

५. Upload भएका बोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पताल मा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट क्रमशः उक्त कार्य हुनेछ ।

६. बोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ. कर बाहेक ) अंक र अक्षरमा स्पस्ट संग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षर मा उल्लेखित दर रेट मा भिन्नता भएमा अक्षर लाइ मान्यता दिइने छ ।

७. बोलपत्र दाताले कबोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समय मा सामान सप्लाई गर्न नसके मा बजार वाट सिधै खरिद गरिने छ । त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा वढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम र भुक्तानी गर्न बाकी रकम वाट असुल उपर गरिने छ ।

८. सप्लाई गरिने सम्पूर्ण सामानहरु स्पेशिफिकेशन बमोजिमको उच्च गुणस्तरको हुनुपर्नेछ ।

९. बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ठ रुपमा खरिद गरिनेछ। खरिद गरिने सामान घटी वा वढी हुन सक्नेछ । घटी बढी परिमाणको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१०.कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ।

बागमती प्रदेश सरकार
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य मन्त्रालय
# बज्रबाराही चापागाउँ अस्पताल
# Bajrabarahi Chapagaun Hospital
गोदावरी न.पा. ११, ललितपुर
Ph: 01-5574035, 01-5570524

११.सप्लाइ गरिएका सामानहरु निरिक्षण एवम परिक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर बमोजिमको नभएमा सम्झौता रद्ध गरिने छ ।

१२.सम्झौता गरि सामान सप्लाइ नगर्ने फर्मलाइ नियमानुसार कालोसुचीमा दर्ताको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

१३.प्रोपराइटरी जन्य सामानको हकमा अनिवार्य रुपमा उक्त सामान बेच्न अनुमती प्राप्त आधिकारीक डिलर, सब डिलर वा एजेन्ट भएको हुनुपर्नेछ र सो कुरा खुल्ने आवश्यक कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१४. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन। एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाइने छैन ।

१५.बोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नी स्वार्थ नबाझिएको वा व्यवशाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी स्वयं घोषणा पेश गर्नुपर्नेछ । त्यस्तो स्वयम घोषणा सुचना प्रकाशित भएको मिति पछीको हुनु पर्नेछ ।

१६.यस बोलपत्रको समय आपूर्ति गर्ने समय अवधि सामान्यतय एक आर्थिक वर्षको भएता पनि अर्को आर्थिक वर्षको ठेक्काको सामान आपूर्ति नहुदा सम्म सोहि कबोल अंकमा नबढने गरि सामान उपलब्ध गर्नु पर्ने छ ।

१७.यस शर्तमा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ

१८.चप जानकारीका लागि यस अस्पतालको जिन्सी शाखा साथै लेखा शाखामा सम्पर्क राख्न सकिनेछ ।

१९.थप जानकारीका लागि यस अस्पतालको जिन्सी शाखामा ( ९८५१४२६३२२ /९८५१३८०१६२) मा सम्पर्क राख्न सकिने छ ।

| सि.नं | ठे.न | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BCH/NCB/GODS/LR/03/082/83 | EX-D JOKOH Na/k Analyzer मेशिनमा लाग्ने केमिकल खरिद गर्न | ९,१८५/- | ३०००/- | ३०औं दिनको बैंकिङ समय अगाडी | ३१औं दिनको १२ बजे अगाडी | ३१औं दिनको २ बजे | |

डा. लक्ष्मण खड्का
मेडिकल सुपरिटेन्डेन्ट